**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs. Date: 04.09.2025**

## सीतारमण –GST सुधार

GST परिषदले आम मानिस, श्रम प्रधान उद्योग, किसान र कृषि स्वास्थ्य एवमं अर्थव्यवस्थाका लागि जीएसटी दरहरूमा सुधार गर्दै त्यसलाई युक्तिसंगत बनाउनलाई मंजूरी दिएकोछ। हिजो नयाँ दिल्लीमा मीडियालाई जानकारी दिदै वित्त मन्त्री निर्मला सीतारमणले भन्नुभयो आम मानिस र मध्यम वर्गले उपयोग गर्ने वस्तुहरूमा वस्तु एवमं सेवा कर जीएसटी 18 र 12 प्रतिशत देखि घटाएर 5 प्रतिशत गरिएको छ।

व्यक्तिगत वीमा पॉलिसिहरू र फैमिली फ्लोटरहरू साथै वरिष्ठ नादकितगहरूका लागि पोलिसीहरू लगायत् व्यक्तिगत स्वास्थ्य वीमा पोलिसीहरूमा जीएसटीबाट छूटलाई मंजूरी दिएको पनि उहाँले बताउनुभयो।

22 सेप्टेम्बर नवरात्रिको पहिलो दिन देखि यो लागू हुनेछ वित्त मन्भीले भन्नुभयो। जीएसटी परिषदको 56 औं बैठक श्रीमती सीतारमनको अध्यक्षतामा हिजो नयाँ दिल्लीमा बसेको थियो।

## प्रेम सिंह तामाङ- GST

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ्ले अत्यावश्यक वस्तु, शिक्षा, स्वास्थ्य हेरचाह र कृषिका लागि संशोधित जीएसटी slab हरू समावेशी विकास तर्फ प्रगतिशील कदम हो, भन्नुभएको छ।

यस परिवर्तनकारी पहलका लागि श्री तामाङ्ले प्रधानमन्त्री नरेन्द्र मोदी र वित्तमन्त्री निर्मला सीतारमणलाई हार्दिक धन्यवाद र बधाई दिनुभएकोछ।

किसान, व्यवसाय र नागरिक सबैलाई फाइदा पुर्याउने यस जनमुखी सुधारको हार्दिक स्वागत जनाएको उहाँले भन्नुभयो।

## एथेन्पा –शिक्षक दिवस

सिक्किमको मङ्गनस्थित PM श्री सरकारी वरिष्ठ माध्यमिक विद्यालयका प्रधानाध्यापक कर्मा टेम्पो एथेन्पालाई राष्ट्रिय शिक्षक पुरस्कार 2025 को लागि छनोट गरिएखो छ। श्री एथेन्पालाई भारतका राष्ट्रपतिले शिक्षक दिवसको अवसरमा भोली नयाँ दिल्लीस्थित विज्ञान भवनमा आयोजित एक कार्यक्रममा सम्मानित गर्नुहुनेछ।

सिक्किम सरकारको शिक्षा विभागले राज्यलाई यो प्रतिष्ठित सम्मान प्रदान गरेकोमा र भावी पुस्ताको पालनपोषणमा समर्पित सेवाको लागि श्री एथेन्पालाई हार्दिक बधाई दिएको छ।

श्री एथेन्पाले आकाशवाणी गान्तोकका साथ कुरा गर्दै भन्नुभयो।..

**सोनम लामा – राज्यपाल भेट**

राजभवनमा आज सिक्किम सरकारका लोक स्वास्थ्य अभियान्त्रिकी जल सन्साधन एवमं धर्म विभागका मन्त्री सोनम लामाले राज्यपाल ओम प्रकाश माथुरका साथ शिष्टाचार भेट गर्नुभयो। यस अवसरमा मंगन जिल्लाका अतिरिक्त राजनीतिक सिचव फुर्बा भूटिया पनि उपस्थित  हुनुहुन्थ्यो। बैठकको बेला मन्त्री लामाले राज्यपाल महोदयलाई 7 सेप्टेम्बरका दिन सुकलाखाङ पैलेसमा (दरबारमा) आयोजित हुनभएको Pang Lhabsol समारोहमा शामेल हुन पारम्परिक आमन्त्रण दिनुभयो।

श्री माथुरले यसलाई स्वीकार गर्दै समारोहको सफलताका लागि आफ्नो शुभकामना व्यक्त गर्नुभएको छ।

**Connect to Earth – MPCS – सम्झौता**

सिक्किम सरकारको प्रमुख कार्यक्रम Connect To Earth र केन्द्रिय Pendam  बहुउदेशीय सहकारी संस्था ( MPCS) बीच आज पाकिम RDD को अतिरिक्त  जिल्लापालको कार्यलयमा संयुक्त उद्यम साझेदारी सम्झौता र समझदारी पत्रमा हस्ताक्षर गरियो।

सिक्किम सरकारको तर्फबाट पाकिम जिल्लाका अतिरिक्त जिल्लापाल (विकास) Robin Pd Sewa  र केन्द्रीय पेन्डम एमपिसिएस का अध्यक्ष सुदीप प्रधानले औपचारिक हस्ताक्षर गरे।

यो पहललाई पर्यावरण मन्त्री जीवनयापन, सांस्कृतिक संरक्षण, दिगो पर्यटन र सहकारी संचालित विकासलाई प्रवर्द्धन गर्ने मोडेलको रूपमा परिकल्पना गरिएकोछ।

यस अवसरमा श्री सेवाले यो पहल मुख्यमन्त्रीको एक परिवार एक उद्यमी योजनाको दृष्टिकोणसित मिल्दोजुल्दो भएको भन्नुभयो।

सम्झौता 31 वर्षका लागि मान्य रहनेछ।

**3 महीने संतृप्ति अभियान अन्तर्गत मल्लीमा मा वित्तीय समावेशिकरण शिविर आयोजित**

भारत सरकारको वित्तीय सेवा विभाग DFS द्वारा शुरू गरिएको तीन महीने संतृप्ति अभियानको एक भागको तवरमा हिजो तीन सेप्टेम्बरका दिन सिक्किमका लागि SLBC संयोजक बैंक – भारतीय स्टेट बैंक SBI द्वारा मल्लीमा एक मेगा शिविर आयोजना गरिएको थियो।